आज मिति २०७१/०९/२५ गते खाँदबारी नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत श्री युवराज आचार्य ज्यू को अध्यक्षतामा स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि २०६९ बमोजिम १९ औं नगरपरिषद्को लागी नगरपालिकाबाट संचालन गरिने कार्यक्रम तथा आयोजनाका प्रश्तावहरु छनौट गरि सुझाब दिने प्रयोजनका लागी एकिकृत योजना तर्जुमा समितिको बैठक बसि निम्न अनुशार निर्णय गरियो ।

**उपस्थिती :**

१. श्री युवराज आचार्य संयोजक प्रमुख/ कार्यकारी अधिकृत

**बिशेष आमन्त्रीत :**

१. श्री महेश थपलिया, अध्यक्ष, खाँदबारी नगर बिकास समिति एवं नेपाली कांग्रेसका नेता

**न.पा.मा क्रियाशिल राजनैतिक दलका एक एक जना प्रतिनिधी :**

| | | | |
|---|---|---|---|
| १. | श्री हरिश्वर थापा मगर, सदस्य | | नेपाली कांग्रेस प्रतिनिधि |
| २. | श्री जीतबहादुर घिमिरे | सदस्य | ने.क.पा. एमाले |
| ३. | श्री टेकमान राई | सदस्य | ए.ने.क.पा. माओबादी |
| ४. | श्री पद्मकेशर कार्की | सदस्य | रा.प्र.पा. नेपाल |
| ५. | श्री रिपु प्रसाद राई | सदस्य | ने.क.पा.-माओबादी |
| ६. | श्री कुलबहादुर राई, | सदस्य | खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल |
| ७. | श्री भरत लाङछवा राई, सदस्य | | रा.जनमुक्ति पार्टि |
| ८. | श्री हेमकुमार गुरुङ्ग, | सदस्य | राष्ट्रिय जनमोर्चा नेपाल |
| ९. | श्री रामप्रसाद राई, | सदस्य | संघिय समाजबादी पार्टि |
| १०. | श्री कृष्णप्रसाद तामाङ्ग | सदस्य | संघिय समाजबादी पाटी |
| ११. | श्री कर्बिकुलुङ राई | सदस्य | रा.प्र.पा. |
| १२. | श्री पूर्णप्रसाद पोखेल | सदस्य | सं.लि.राज्य परिषद |
| १३. | श्री डम्बर राई | सदस्य | मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) |

**अन्य :**

| | | | |
|---|---|---|---|
| १३. | श्री शुसिला घिमिरे | सदस्य | पुर्ब उपाध्यक्ष न.स्त.म.स.समिति एवं न.पा.क्षेत्र भित्र क्रियासिल सामुदायिक संस्थाको महिला प्रतिनिधि |
| १४. | श्री सर्मिला महले | सदस्य | गैह्र सरकारी संस्थाको प्रतिनीधि |
| १५. | श्री रुद्रबहादुर दर्जि | सदस्य | दलित संस्थाहरु मध्येबाट प्रतिनीधि |
| १६. | श्री लीलादेबी खनाल | सदस्य | महिला संस्था मध्येबाट प्रतिनीधि |
| १७. | श्री कोपीला अधिकारी निरौला | सदस्य | महिला संस्था मध्येबाट (पारालिगल) प्रतिनीधि |
| १८. | श्री समिक्षा घिमिरे | सदस्य | बाल क्लबहरु मध्येबाट (माट्स नेपाल) बाल प्रतिनीधि |
| १९. | श्री ध्रुवकुमार गान्छाकी | सदस्य | आदीबासी जनजाति संस्थाका प्रतिनीधि |
| २०. | श्री सरोज बज्राचार्य | सदस्य | उद्योग बाणिज्य संघको प्रतिनीधि |
| २१. | श्री जयबहादुर श्रेष्ठ | सदस्य | बुद्धिजीबि, समाजसेवी, र जेष्ठ नागरिक मध्येबाट प्रतिनीधि |
| २२. | श्री सुरोमान माझि | सदस्य | पिछडा बर्गको तर्फबाट (कुमाल/माझि) उथ्थान संघको प्रतिनीधि |
| २३. | श्री केशकुमारी पोखेल | सदस्य | नागरिक सचेतना केन्द्रको महिला प्रतिनीधि |
| २४. | श्री बिमला बुढाथोकी | सदस्य | जिल्ला अपांग संघको प्रतिनीधि |
| २५. | श्री सूर्यकुमारी बस्नेत | सदस्य | वडा नागरिक मंच मध्ये महिला प्रतिनीधि |
| २६. | श्री दिनेश कट्टेल | सदस्य-सचिब | |

**कार्यालय प्रतिनिधी**

१. श्री खेमराज निरौला, सामाजिक बिकास अधिकृत

२. श्री दुर्गाप्रसाद नेपाल, शहरी शासन बिज्ञ

३. श्री नविनकुमार श्रेष्ठ, आर्थिक प्रशासन शाखा प्रमुख

४.    श्री चूडामणि खनाल, नायब सुब्बा

५.    श्री मनोजकुमार चापागाई, योजना शाखा

६.    श्री गणेश श्रेष्ठ, योजना शाखा

७.    श्री रुद्रबहादुर घिमिरे, योजना शाखा

**ग) सामाजिक परिचालकहरु (स्थानिय शासन तथा सामुदायिक बिकाश कार्यक्रम LGCDP तर्फ) :**

१. वडा नं.    श्री श्री रजिता पाठक (कुईकेल)

२. वडा नं.    श्री अन्जु बरुवाल

३. वडा नं.    श्री श्री रविना घिमिरे

४. वडा नं.    श्री सन्चा गुरुङ्ग

५. वडा नं.    श्री रोषण निरौला

६. वडा नं.    श्री लालबहादुर दर्जि

७. वडा नं.    श्री कल्पना राई

८. वडा नं.    श्री शान्ति राई

**अन्य :**

**१.**

**२.**

**३.**

**४.**

**५.**

**निर्णय नं. १**

खाँदबारी नगरपालिकाको आ.ब. ०७२/७३ को लागी निम्न बमोजिमको आम्दानी खर्चको अनुमानित बिबरण (बजेट) पारित गर्न सिफारिस गर्ने निर्णय गरियो ।

(अनुसूची १ एक मा सम्लग्न छ)

**निणर्य नं. २**

आ.ब.०७१/७२ मा परिषद्, बोर्ड बैठकबाट स्वीकृत नीति कार्यक्रम तथा बजेट अनुशार भएका कार्य हरुको बारेमा छलफल एवं समिक्षा गर्दा हाल सम्मका योजनाहरुको समग्र कार्य प्रगतिलाई हेर्दा सन्तोषजनक पाईएको र चालु आ.ब.को कार्य अबधि अझै करिब ७ महिना रहेको हुँदा कार्यक्रमहरु समयमै सम्पन्न गरि थप प्रगति हाँसिल गर्न सम्पुर्ण पक्षलाई क्रियाशिल बनाउन गर्न सिफारिस निर्णय गरियो ।

**निर्णय नं.३**

संघीय मामीला तथा स्थानिय बिकाश मन्त्रालय जगेडा कोषसंग लागत सहभागीतामा संचालन गर्ने योजनाहरुमा निम्न बमोजिमका योजनाहरु माग गरि कार्यान्वयन गर्न गर्न सिफारिस निर्णय गरियो ।

निम्न

१. टुँडिखेलको सार्बजनिक जग्गा संरक्षण एवं बसपार्क ब्यवस्थापन कार्य, खाँ.न.पा. १

२. टुँडिखेलमा मासु पसल तथा तरकारी बजार निर्माण, खाँ.न.पा. १

३. हिमालय उ.मा.बि. (समुदायमा आधारीत) भवन तला थप

४ न.पा. कम्पाउण्डमा रहेको भवन निर्माण

५. बसपार्क निर्माण एवं ब्यवस्थापन कार्य खाँ.न.पा. ३ मानेभन्ज्याङ्ग

६. एयरपोर्ट गेट - क्लब भवन हुँदै स्वास्थ्य चौकी र बिद्यालय आउने मोटर बाटो ढलान

७. बरुण क्याम्पस - बिष्नेधारा सडक ढलान

८. कृषि बजार केन्द्र भवन निर्माण

९. ढुंगेधारा छत्रेपाटि सडक ढलान

१० बसपार्क निर्माण एवं ब्यवस्थापन, खाँ.न.पा. १२, बैद्यगाउँ, तुम्लीङ्गटार

११. तुम्लीङ्गटार स्पोर्टिङ्ग क्लव ब्यवस्थापन वडा नं. १३, संखुवा सभा ।

१२. कुप - वडा भवन देखि गैरिगाउँ सम्म जाने मोटरबाटो ढलान, वडा नं. ११ र १२

**निर्णय नं. ४**

यस खाँदबारी नगरपालिकामा सर्बदलिय सर्बपक्षिय सहमति एवं लक्षीत बर्गहरुका समन्वय समितिबाट समेत सिफारिस भएकोले प्रति वडा रु.४,००,०००। चार लाखका दरले १३ बटा वडाको जम्मा रु.५२,००,०००। बाउन्न लाख वडापरिषदबाट पारित भई आएका तपशिलका योजना तथा कार्यक्रमहरुलाई आ.ब. ०७२/०७३ मा स्थानिय बिकास शुल्क (पूजीगत) शिर्षकबाट कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

(अनुसूची २ दुई मा सम्लग्न छ)

**निर्णय नं. ५**

खाँदबारी नगरपालिकाले बिगत परिषदहरुबाट पारित गरेका बिनियम एवं निर्देशिकाहरु निरन्तरता दिई कडाईका साथ लागु गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

बिपद् ब्यवस्थापन योजना निर्माण गर्न आ.ब. ०७२।७३ मा मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकबाट रु. २,००,०००। बिनियोजन गरि बिपद् ब्यवस्थापन कोषमा रकम जम्मा गरि आकस्मीक सेवामा खर्च गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

खाँदबारी नगरपालिकाको मुख्य शहरि क्षेत्रमा सरसफाई तथा फोहोर मैला ब्यवस्थापन गर्न गराउन सामाजिक परिचालन र सामाजिक संघ, संस्था, क्लवहरु संग सहकार्य गरि फोहोर फोहोर मैला ब्यवस्थापनको कार्यलाई निरन्तरता दिने साथै फोहोर मैला संकलन तथा ल्याण्डफिल साईट सम्म ढुवानी गरि ब्यवस्थापन गर्ने कार्यका लागी मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकबाट रु. २,००,०००। बिनियोजन गरि उक्त कार्य गर्न सिफारिस गर्ने निर्णय गरियो

**निर्णय नं.८**

खाँदबारी नगरपालिकाको लाई खुल्ला दिशा मुक्त क्षेत्र धोषणा गरि बिभिन्न सरकारी तथा गैह्र सरकारी संघ, संस्थासंग सहकार्य र समन्वय गरि कार्य संचालन गर्ने कार्यलाई निरन्तरता दिदै वातावरण मैत्री स्थानिय शासन पद्धती कार्यान्वयन, खुल्ला दिशामुक्त क्षेत्र घोषणाको लागी सहयोगी हुने कार्यक्रमहरु तथा पूर्ण खोप लगायत जनस्वास्थ्य प्रर्बद्धन हुने निम्न कार्यक्रमहरुलाई मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकबाट रु. निम्न अनुशार बजेट बिनीयोजन गरि कार्य गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निम्न**

१. बिपन्न बर्गलाई चर्पि निर्माण सहयोग रु. १,००,०००।

२. वातावरण मैत्री स्थानिय शासन प्रारुप, २०७० कार्यान्वयन वापत रु. १,००,०००।

३. पूर्ण खोप लगायत जनस्वास्थ्य प्रबर्द्धन सम्बन्धि कार्यक्रम संचालन रु. १,००,०००।

४. जनस्वास्थ्य प्रबर्द्धनका लागी बजार अनुगमन (उ.बा.संघ, मासु ब्यवसायी, उपभोक्ता हित संरक्षण मन्च, पशु सेवा कार्यालय आदी समक्ष समन्वय गरि कार्यक्रम संचालन गर्नका लागी) रु. ५०,०००।

**निर्णय नं. ९**

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको इमान्दारिता, कर्तब्यनिष्ठ, कार्य सम्पादनको स्तर राम्रो भएका कर्मचारिहरुलाई मूल्याङ्कन गरि पुरस्कार प्रदान गर्न मिति २०७१ साल कार्तिक ०३ गते बसेको बोर्ड बैठकको निर्णयबाट कर्मचारी मूल्याङ्कनको लागी निर्धारीत निम्न अनुशारका सूचकहरु अनुमोदन गरि सोही सूचकहरुका आधारमा कार्यकारी अधिकृत बाट गोप्य मूल्याङ्कन गरि कर्मचारी लाई पुरस्कृत गर्न स्थानीय बिकास शुल्क (चालु) बजेट शिर्षक बाट ब्यहोरीने गरि रु. २५,०००। रकम बिनियोजन गर्ने र उक्त कार्य न.पा.मा हुने औपचारिक कार्यक्रममा प्रदान गर्न सिफारिस गर्ने निर्णय गरियो ।

मापदण्ड एवं सूचकहरु र अंक भार निम्न बमोजिम रहने छन् : कुल पुर्णाङ्क : १००

| सि.नं. | सूचकहरु | कुल अंकभार | अंकभार | | | |
|---|---|---|---|---|---|---|
| | | | (१)अति राम्रो | (२)राम्रो | (३)सामान्य | (४)न्युन |
| १ | समय पालन र नियमीतता | ८ | ८ | ६ | ४ | २ |
| २ | अनुशासन र आज्ञापालन | ८ | ८ | ६ | ४ | २ |
| ३ | कार्य सम्पादन मूल्याङ्कन | ६ | | | | |
| ४ | सेवाग्राहीहरुको कर्मचारी प्रतिको गुनासोको स्थिती (लिखित एवं मौखिक) | ६ | ६ | ५ | ४ | २ |
| ५ | रचनात्मक एवं सृजनात्मक कार्य सम्पादन गर्न सक्ने क्षमता | ८ | ८ | ६ | ४ | २ |
| ६ | कर्मचारी सम्बन्धि ऐन, नियमावली एवं बिनियममा उल्लेखित आचारण पालना | ६ | ६ | ५ | ४ | २ |
| ७ | जेष्ठता | ६ | ६ | ५ | ४ | २ |
| ८ | कर्मचारी बिच समन्वय गर्ने क्षमता | ६ | ६ | ५ | ४ | २ |
| ९ | सकारात्मक सोच | ६ | ६ | ५ | ४ | २ |
| १० | नैतिकता एवं सदाचारको स्थिती | ६ | ६ | ५ | ४ | २ |
| ११ | निर्णय क्षमता (उपयुक्त समयमा उपयुक्त निर्णय दिन सक्ने क्षमता) | ८ | ८ | ६ | ४ | २ |
| १२ | ब्यवसायिकता | ८ | ८ | ६ | ४ | २ |
| १३ | तटस्थता | ६ | ६ | ५ | ४ | २ |
| १४ | ब्यत्तित्व एवं मृदुभाषि एवं सहयोगको भावना | ६ | ६ | ५ | ४ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | चेन अफ कमाण्डको पालना एवं मर्यादा पालना | ६ | ६ | ५ | ४ | २ |
| | जम्मा | १०० | | | | |
| | (१) , (२), (३) र (४) को कुल जम्मा वा प्राप्तांक : | | | | | |

**नोट : जेष्ठताको अंक गणना गर्दा पाँच बर्ष सम्म (स्थायी) सेवा गरेको कर्मचारीको लागी तिन अंक छ बर्ष देखि दश बर्ष सम्म सेवा गरेको कर्मचारीको लागी चार अंक र एघार बर्ष देखि १५ बर्ष सम्म स्थायी सेवा गरेको कर्मचारीको लागी पाँच अंक र सोह्र बर्ष भन्दा बढि सेवा गरेको कर्मचारीको लागी छ (६) अंक प्रदान गरिने छ।**

## निर्णय नं. १०

नगरपालिकाको कार्यलाई निष्पक्ष एवं पारदर्शी बनाउन सार्थ न.पा. बोर्डका पदाधिकारीहरुलाई तटस्थ भई कार्य सम्पादन गर्न थप उत्तरदायी बनाउन निम्न अनुशार आचार संहिता वनाई लागु गर्न सिफारिस गर्ने निर्णय गरियो ।

### तपशिल

१. सरकारी, सार्बजनिक सम्पत्ति र कर्मचारीहरुलाई ब्यक्तिगत प्रयोजनमा प्रयोग नगर्ने ।

२. नगरपालिकालाई दिगो रुपमा भलाई हुने क्रियाकलाप मात्र गर्ने र नगरपालिकालाई हानी नोक्सानी हुने कार्यमा सम्लग्न नहुने ।

३. नगरपालिकाको हित बिपरित हुन सक्ने कार्य गर्ने ब्यक्ति वा संस्था संग प्रत्यक्ष वा परोक्ष रुपमा सम्लग्न नहुने ।

४. मानब अधिकार हनन हुने किसीमका क्रियाकलापमा सम्लग्न नहुने ।

५. बाल बिबाह, बहुबिबाह, हत्या हिंसा , अपहरण, बलत्कार जस्ता जधन्य अपराध तथा समाजिक कुरीती जन्य ब्यबहारबाट सधैं टाढा रहने ।

६. सदा उच्च नैतिक चरित्र कायम राख्ने ।

७. भ्रष्ट्राचार जन्य क्रियाकलापमा सम्लग्न नहुने ।

८. कुनै किसीमको आग्रह वा पुर्बाग्रहले प्रेरित भई प्रचलित कानून, नीति वा प्रकृया बिपरित कार्य नगर्ने ।

९. प्रचलीत कानूनले तोकेका अन्य आचरणहरु अक्षरस पालना गर्ने ।

१०. सेवाग्राही प्रति उचित र मर्यादीत ब्यवहार गर्ने ।

११. कर्मचारी, सरकारी सवारी साधन तथा अन्य सम्पत्तिहरु कुनै पनि राजनैतिक दलको दल बिशेषको क्रियाकलापमा उपयोग नगर्ने ।

१२. मातहत कर्मचारीहरु प्रति सम्मानजनक, न्यायोचित र मर्यादीत ब्यबहार गर्ने ।

१३.	जनता समक्ष सुमधुर सम्बन्ध बिकासमा कुनै कमि हुन नदिने ।

१४.	सदाचार, आहार बिहार एव नैतिक चरित्र अनुकरणीय एवं उच्च राख्ने ।

**निर्णय नं. ११**

खाँदबारी नगरपालिकाको लेखा प्रणाली प्रोदोभाबी लेखा प्रणाली अनुशार गर्ने १७ औं नगरपरिषद्बाट निर्णय भए अनुशार यस आर्थिक बर्ष देखि नगरपालिकाको सम्पति र दायित्व एकिन गर्न एक सम्पति मूल्याङ्कन समिति गठन गरि आगामी आ.ब.देखि नै सम्पूर्ण लेखा प्रणाली लाई प्रोदोभाबी लेखा प्रणाली अनुशार राख्ने व्यवस्था मिलाउन सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिकामा निर्माण हुने घर, भवन लगायतका संरचनाहरुको नक्सा पास कार्यलाई व्यवस्थित र नियमीत बनाई नगरबासीलाई सहजता प्रदान गर्न साथै व्यवस्थीत शहरको आधार तयार गर्न परिमार्जन सहितको **खाँदबारी नगरपालिकाको भवन निर्माण मापदण्ड तथा कार्यबिधी, २०७१** लाई स्वीकृत गर्ने निर्णय गरियो साथै भवन निर्माण आचार संहिता क्रमश : लागु गर्दै जान सिफारिस गर्ने निर्णय गरियो । (अनुसूचि ३ तिन मा राखीएको छ)

**निर्णय नं. १३**

यस नगरपालिकामा संघीय मामिला तथा स्थानिय बिकाश मन्त्रालय, शहरि बिकास मन्त्रालय लगायत नेपाल सरकारका अन्य निकाय, सभासद क्षेत्र बिकास कोष, नगर बिकाश कोष लगायत बिकाशका साझेदार निकायबाट थप श्रोत परिचालन हुने अबस्थामा नगरपालिका बोर्ड बैठकले आबश्यक कार्यबाहि र श्रोत परिचालन गर्ने अधिकार प्रत्यायोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

लक्षीत बर्ग सम्बन्धि कार्यक्रमहरु बाट योजना तथा कार्यक्रम संचालन गर्दा सम्बन्धित क्षेत्रको समन्वय समितिलाई क्रियाशिल गराउन सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

निम्न शिर्षक अन्तरगत योजनाहरु संचालन गर्नका लागी जिल्ला बिकास समिति एवं बिभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरुबाट श्रोतको खोजी गरि कार्य गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निम्न**

**ख) खानेपानी तर्फ :**

१. रयालेबेसि खानेपानी व्यवस्थापन

२. वडा नं. ३ खानेपानी व्यवस्थापन

३. वडा नं. १२ गैरिगाउँ टोल खानेपानी व्यवस्थापन

४. खानेपानी व्यवस्थापन खानीडाँडा, थालडाँडा खाँ.न.पा. ८ र ९

५. योगीडाँडा खानेपानी मर्मत (सिम खोल्सीबाट) खाँ.न.पा. ८

**ग) सिंचाई**

१. रयाले बेसि कुलो मर्मत

२. सिलीली खोला संभोक खोला सिंचाई कुलो मर्मत खाँ.न.पा. २

३. हंचुवा खोला ज्याङ्ग्रीन कुलो मर्मत खाँ.न.पा.

४. शेरेखोला मुहान चापाबोटे सिंचाई खाँ.न.पा. १२

**निर्णय नं. १६**

खाँदबारी नगरपालिकामा कार्यरत स्थानीय निकाय तर्फका स्वीकृत दरबन्दिमा कार्यरत स्थायी तथा अन्य कर्मचारीहरुको तलब, भत्ता नेपाल सरकारले आ.ब. ०७१/७२ को बजेट भाषणमा निर्धारण गरे बमोजिम बृद्धि भएको रकम २०७१ श्रावण देखिनै लागु हुने गरि सोही अनुपातमा बृद्धि गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

आ.ब. ०७२/७३ मा सडक बोर्ड नेपालबाट प्राप्त रकमबाट निम्न बमोजिमका योजनाहरु पारित गरि कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निम्न**

**क) सडक बोर्ड तर्फ :**

१. कटहरे खोल्सी -खानिडाँडा -वडा भवन - थालडाँडा हुँदै बर्खे जोड्ने मोटरबाटो स्तरबृद्धि वडा नं. ९ रु. ५,००,०००।

२. चिसापानी -माल्टा -लेलुवा मोटरबाटो स्तरबृद्धि वडा नं. ६ रु. ४,००,०००।

३. सार्कीडाँडा- रानीछाप -रातमाटे -राम्चे -सिम्ले मोटरबाटो स्तरबृद्धि वडा नं. १२, ११, १० रु. ४,००,०००।

४. मानेभन्ज्याङ्ग कृषिबजार केन्द -चारबर - आरुबोटे हुँदै चेवाबेसी मोटरबाटो स्तरबृद्धि वडा नं. ३, २ रु.४,००,०००।

५. लहरेबर- पिप्ले - खोरण्डे मोटरबाटो स्तरबृद्धि वडा नं. १२, ११, १ रु. ४,००,०००।

६. पिपलडाँडा बाँड्गीगाँउ मगरगाउँ राजकुलो सम्मको माटरबाटो स्तरबृढि वडा नं. १० रु. ४,०००००।

**निर्णय नं. १८**

यस नगरपालिकामा सेवा प्रबाहलाई ब्यवस्थित गर्न शुसासन ब्यवस्थापन समितिको गठन गरि कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निम्न**

संयोजक : श्री दिनेश कट्टेल, प्रशासकिय अधिकृत

सदस्य : श्री नबिनकुमार श्रेष्ठ, आ.प्र.शाखा प्रमुख

सदस्य : श्री मनोजकुमार चापागाई

सदस्य : श्री सुमनकुमार दाहाल

सदस्य सचिव : श्री खेमराज निरौला, सामाजिक बिकास अधिकृत

**निर्णय नं. १९**

खाँदबारी नगरपालिकामा मिति २०७१ कार्तिक ०४ गते भएको न.पा. बोर्ड बैठकबाट भएको निर्णय बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित बिभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनको लागी स्थानिय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यबिधि, २०६९ को बुँदा नं. ३३ (२) बमोजिम निम्न अनुशारको योजना सुपरिबेक्षण तथा अनुगमन समिति गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निम्न**

१. नगर प्रमुख/कार्यकारी अधिकृत संयोजक

२. राजनैतिक दलहरुबाट : सदस्य ( एक महिला सहित जम्मा ३ जना)

- श्री बिन्दा मोक्तान
- श्री यदुमणि निरौला

- श्री कृष्ण तामाङ्ग

३. वडा नागरिक मंचबाट : (एक महिला सहित २ जना)

श्री उमेश श्रेष्ठ सदस्य

श्री शुशिला घिमिरे सदस्य

४. नागरिक सचेतना केन्द्रबाट महिला प्रतिनीधि १ जना :

५. उ.बा.संघको प्रतिनीधि श्री अनन्त गौली सदस्य (उ.बा.संघको पत्र मार्फत)

**संयोजकले तोक्ने सदस्यहरुमा निम्न बमोजिम राख्ने निर्णय गरियो ।**

६. बिषयगत कार्यालयको १ जना प्रतिनीधिमा जिल्ला प्राबिधिक कार्यालय, सं.स.ले तोकी पठाएको एक जना प्रतिनीधि सदस्य

७. रुद्रबहादुर घिमिरे,(प्राबिधिक कर्मचारी) सदस्य

८. दिनेश कट्टेल (प्रशासकिय अधिकृत) सदस्य सचिव

**निर्णय नं. २०**

स्थानिय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ को उपनियम (३) बमोजिम फोहोर मैला, बिद्युत खानेपानी आपुर्ति, सुरक्षा, सरसफाई, बगैंचा हेरचाह र फोटोकपी जस्ता कार्यका लागी सेवा करारमा लिने निर्णय गरियो साथै सोही नियमावलीको नियम २१७ (१) बमोजिम प्राबिधक पदमा बिगत देखि यस कार्यालयमा कार्यरत कर्मचारी र अब आबश्यक हुने प्राबिधिक जनशक्ति करारमा नियुक्त गर्ने निर्णय गरियो । सो को प्रकृया र अन्य नियमानुशारको ब्यवस्था कार्यान्वयनको न.पा. बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

आ.ब.०७२/७३ मा कार्यालयले खरिद गर्नु पर्ने बार्षिक सेवा, परामर्श तथा सामाग्रीहरुको खरिद योजना, सो को कार्यक्रम संचालन तालिका तयारी गरि स्वीकृत गर्नको लागी बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधी, २०६९ बमोजिम लक्षीत समुह बिकाश कार्यक्रम अन्तरगत खाँदबारी नगरस्तरिय आदीबासी जनजाति, दलित, जेष्ठ नागरिक, बालबालिका एवं भिन्न क्षमता भएका ब्याक्तिहरुका लागी सम्बन्धित समन्वय समितिद्वारा सिफारिस भई आएका निम्न योजना तथा कार्यक्रमहरुलाई स्वीकृति गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निम्न**

**(अ) आर्थिक तथा सामाजिक रुपमा पछि परेका बिपन्न बर्ग हरुको लागी :**

(सबै जात जातिका आथिक रुपमा बिपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका बर्ग  दलित,आदीबासी/जनजाति, भिन्न क्षमता भएका ब्याक्तिहरु, जेष्ठ नागरिक, अपाङ्ग, मधेसी, मुस्लीम, पिछडा बर्ग, यौनिक तथा लैंगिक, अल्प संख्यक लगायत अन्य पिछडिएको बर्ग )

- जनजाती संग्रालय नजिकको कुवा मर्मत वडा नं. १० रु. ३०,०००।
- नेपाल मगर संघको भवन निर्माण रु. ४०,०००।
- पिठाकोटे टोल देखि चौतारे सम्म जाने बाटो मर्मत वडा नं. १२ रु. ३०,०००।
- मलामी पाटी देखि छ मुरे काभ्रेढुंगा सम्म जाने बाटो मर्मत वडा नं. १२ रु. ३०,०००।
- ढाँडे टोल सामुदायिक भवन निर्माण सहयोग वडा नं. १२ रु. ३०,०००।
- माभ्फ बिरौटा देखि च्याँठे बि.क.को घर हुँदै राजकुलो सम्म जाने बाटो मर्मत वडा नं. १० रु. ३०,०००।
- खाँ.न.पा. १२ मुलसडक देखि कालीकादेबी थान मन्दिर सम्म जाने मोटरबाटो निर्माण रु. ७०,०००।
- खाँ.न.पा. १० बौद धर्मावलाम्बीहरुको समाधिस्थल जग्गा खरिद एवं समाधिस्थल ब्यवस्थापन, २,००,०००।
- नगरका अपांगहरुको लगत तयार अति अशक्त अपांगलाई सहयोग सामग्री वितरण रु. ४०,०००।
- जलबायु परिबर्तन र रेड प्लस अबधारणाका बारेमा सचेतना कार्यक्रम संचालन रु. ३०,०००।
- नगर भित्रका महिला, जनजाती, दलितहरु, बिपन्न बर्गहरुका मानिसहरुलाई लोक सेवा आयोगको तयारी कक्षा संचालन ५०,०००।
- बराजुथान मन्दिर मर्मत एवं ग्राउण्ड सम्याउने कार्य, वडा नं. ९ रु. ४०,०००।
- सत्येश्वर महादेब मन्दिर मर्मत वडा नं. ७ रु. २५,०००।
- मनकामना आश्रममा रहने बृद्धबृद्धाहरुलाई सहयोग कार्याक्रम रु. २५,०००।
- शाक्य समाज बुद्ध बिहार मर्मत, खाँ.न.पा. १ रु. ५०,०००।

**आ) महिला तर्फ :**

- एकल महिला समुहलाई सिन्के धुप उत्पादन कार्य सहयोग रु. २५,०००।
- स्वास्थ्य स्वयंसेवीका हरुलाई प्रोत्साहन वापत रु. १,३५,०००।
- हिमालय उच्च मा.बि. बिज्ञान कक्षा संचालन भौतिक ब्यवस्थापन/बिज्ञान प्रयोगशाला ब्यवस्थापन/पुस्तकालय ब्यवस्थापन रु. १,८०,०००।
- अरुण तस्रो आयोजना लगायत अन्य ठूला आयोजना संचालन हुँदा आबश्यक पर्ने स्थानिय दक्ष एवं अर्धदक्ष जनशक्ति उत्पादन एवं बिकास गर्नका लागी उपयुक्त तालिम संचालन वापत रु. ६०,०००।
- लोक सेवा आयोगको तयारी कक्षा संचालन २५,०००।
- उत्सब धारा ट्यांकी र देबीथान धारा मर्मत, खाँ.न.पा. १२ रु. ३५,०००।
- दुई गरे कुवा स्रोत संरक्षण खाँ.न.पा. १० सिम्लेगाउँ रु. २०,०००।

**ई) बालबालिका तर्फ :**

१. माटर्स नेपालद्वारा पालन पोषण एवं संरक्षण गरि आएका अनाथ बालबालिकालाई सहयोग वापत अनुदान रु. १,००,०००।

२. न.पा. भित्रका बिभिन्न सामुदायिक बाल क्लबहरुको भौतिक ब्यवस्थापन एवं अतिरिक्त क्रियाकलाप संचालन रु. ८०,०००।

३. बाल शिक्षा/बाल बिकास कार्यक्रम संचालन सहयोग (लोकतन्त्र प्रा.बि. पाठकगाँउ, सरस्वति प्रा.बि. थालडाँडा र भद्रकाली प्रा.बि., देउराली प्रा.बि. छ्याँङ्कुटि) भौतिक ब्यवस्थापन वापत ( प्रति बाल बिकाश केन्द्र रु. २०,०००। का दरले) जम्मा रु. ८०,०००।

४. बालबालिका सम्बन्धि नगर गतिबीधि रेडियो कार्यक्रम संचालन (तिन बडा एफ. एम. रेडियो हरुलाई) रु. ९०,०००।

५. बिभिन्न संघ संस्था वा क्लबहरुबाट संचालन गर्ने बिबिध खेलकुद कार्यक्रममा सहयोग रु.१,००,०००।

९. किशोर किशोरी शिक्षा संचालन (जिल्ला जनस्वास्थ्य कार्यालयसमक्ष सहकार्य गर्ने गरि) रु. ३०,०००।

**निर्णय नं. २३**

आ.ब. ०७०/०७१ मा संचालित योजना तथा कार्यक्रमहरुको सामाजिक परिक्षण र सार्बजनिक सुनुवाईको प्रतिबेदनको सम्बन्धमा मिति २०७१ बैशाख ०३ गते र २०७१ साल असार ३१ गते बसेको न.पा. बोर्ड बैठकको निर्णय एवं सो को बिषय आजको परिषदको बैठकमा पेश भई

छलफल भयो । सो सम्बन्धमा न.पा.ले गरेका बिभिन्न सामाजिक, भौतिक एवं क्षमता बिकाशका कार्यहरुको समग्र पक्षलाई हेर्दा सामाजिक परिक्षण प्रतिबेदन र सार्बजनिक सुनुवाईका कार्यक्रमहरुमा प्राय गरि देहायका बिषयहरु उठान हुने गरेको पाईएकोले उल्लेखित बिषयहरुमा नगरपालिकाको आर्थिक भौतिक स्रोत साधनहरु प्रयोग गरि आगामी दिनहरुमा त्यस्ता गुनासाहरु नआउने गरि कार्यसम्पादन गर्ने निर्णय गरियो । आगामी दिनमा अझ प्रभावकारी बनाउन प्रचलित ऐन, नियम, परिपत्र र न.पा.को नीति निर्णय को परिधिभित्र रहि कार्य योजना र तालिका बनाई कार्य गर्ने र थप क्रियासिल भई कार्य प्रगति हाँसिल गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**<u>निम्न</u>**

१. नागरिक बडापत्रलाई सेवाग्राहीले नै कम प्राथमिकता राखेको र प्रयोग नगरेको अबस्था

२. बिकासका गतिबिधी संचालन एवं बजेट बिनीयोजन गर्दा सन्तुलीत क्षेत्रीय बिकास हुने तवरबाट कार्य हुन नसकेको ।

३. नगरपालिकाले प्रबाह गर्ने सेवाहरुको संगालो र सो को प्रकृया, समय उल्लेखीत भएको नागरिक बडापत्रको बारेमा नागरिकहरुलाई सार्बजनिक सूचना प्रबाह नगराईएको ।

४. अझै सम्म पनि कर दस्तुर असुली गर्दा नगरको सेवा सुबिधा अनुशार बढि लिईएको तर न्युनतम आधारभूत शहरि सुबिधाहरु जस्तै खानेपानी, बिद्युत, संचार, यातायात र स्वास्थ्य सुबिधाबाट बन्चित हुनु परेको ।

५. नगर क्षेत्र भित्ररहेको अरुण प्रबेश मार्गको लगत कट्टा नहुँदा हाल सम्म पनि ब्यक्तिको जग्गा र मोटरबाटोको जग्गा यकिन हुन नसक्दा कर असुली र घर निर्माणमा समस्या भएको ।

६. हाल सम्म पनि फोहोर मैला ब्यवस्थापन गर्नका लागी ल्याण्डफिल्ड साईडको ब्यवस्थापन हुन नसकेको ।

७. बसपार्क, दमकल, ब्यवस्थित खेलमैदान को ब्यवस्था हुन नसकेको ।

८. सेवा ग्राहि र सेवा प्रदायक एवं राजनैतिक दलका पदाधिकारीहरु बिचमा सम्मानजनक र सुमधुर सम्बन्ध कायम हुन नसकेको ।

९. सार्बजनिक सुनुवाई कार्यक्रमलाई सेवाग्राही र नागरिकहरुले कम प्राथमिकता दिएको ।

१०. सार्बजनिक सुनुवाईमा उठाईएका बिषयहरुको कार्यान्वयन नहुने भन्ने भ्रम रहेको ।

११. योजना कार्यक्रमको बारेमा जानकार नभएको गुनासो रहेको ।

१२. सार्बजनिक जग्गाको हेरचाहा र लगत चुष्त दुरुष्त राख्नु पर्ने ।

१३. प्रत्येक वडामा स्वास्थ्य चौकीको स्थापना गर्नु पर्ने ।

१४. बार्षिक नगर बिकास योजना प्रकाशित गरि प्रत्येक घरघरमा उपलब्ध गराउनु पर्ने ।

१५. सेवाग्राहीहरु संग मोडरेटरद्वारा सोधीएका प्रश्नहरुको बिषयमा सेवाग्राही ष्प्रष्ट नरहेको ।

१६. खाँ.न.पा. १३ सभा खोलाबाट निकासी गरिने ढुंगा, गिटि, बालुवाको निकासी तिभ्र र अबैज्ञानिक भएकोले आसपासका बासिन्दालाई समस्या भएको गुनासो आएको ।

**निर्णय नं. २४**

बढ्दो शहरिकरण संगसंगै यातायातका साधनहरुमा समेत बृद्धि भएकोले यातायात पार्कीङका लागी हाल खाँदबारी नगरपालिका वडा नं. १ शनिबारे हटिया लाग्ने स्थान भन्दा तल बस पार्क प्रयोजनका लागी खरिद गरिएको जग्गामा मात्र सवारी साधन पार्किङको व्यवस्था मिलाउनका लागी संखुवा सभा यातायात व्यवसायि संघलाई पत्राचार गर्ने साथै तुम्लिङ्गटारको हकमा खाँ.न.पा. १३ स्थित एयरपोर्ट नजिक बिरबहादुर कुमालको घर अडाडि रहेको सार्बजनिक जग्गामा छोटो समयको लागी पार्किड. (यात्रुहरु ओर्लिने र उक्लने मात्र) र पुरा समयको लागी खाँ.न.पा. १२ स्थित तुम्लीङ्गटारमा निर्माणाधिन बसपार्कको जग्गामा पार्किङको व्यवस्था मिलाउने साथै मानेभन्ज्याङ्ग क्षेत्रको लागी महेन्द्र उ.मा. बि.को खेल मैदान भन्दा माथिल्लो भागमा पर्ने मोटरबाटोको जग्गामा पार्किङ्गको व्यवस्था गर्न संखुवा सभा यातायात व्यवसायी संघलाई अनुरोध गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

आ.ब. ०७०।७१ को बार्षिक जिन्सी निरिक्षण प्रतिबेदन पेश भई छलफल हुँदा कार्यालयमा जिन्सी अभिलेखमा देखिएका जिन्सी निरीक्षण प्रतिबेदनमा मर्मत गर्नु पर्ने भनि उल्लेख भएका मालसामानहरु सिघ्र मर्मत संम्भार गरि प्रयोगमा ल्याउन र मर्मत सम्भार गर्दा पनि प्रयोगमा आउन नसक्ने मालसामानहरु नियमानुशार लिलाम बिक्री गर्न नगरपालिका लाई निर्देशन दिने साथैस्थानिय निकाय आ.प्र.नियमावली, २०६४ को नियम २२६ (२) बमोजिम पुनः उक्त सामान मर्मत सम्भार गरेर पनि काम नचल्ने वा मर्मत सम्भार गर्दा पनि फाईदा नहुने भई बिभिन्न कारणले मिनाहा गर्नु पर्ने भनि प्रतिबेदनमा पेश भएका जिन्सी मालसामानहरु मिनाहा गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

कार्यालयवाट हुने आर्थिक कारोवारहरु आर्थिक ऐन, नियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण पालना गरि बेरुजु तथा बाँकी पेश्की अविलम्व सम्परिक्षण, फछ्र्यौट गर्न पत्राचार तथा अन्य आवस्यक प्रकृया पुरा गर्ने साथै कार्यकारी अधिकृत श्री बलराम निरौलाको नाममा भएको रु. १६,८२०। बेरुजु देखिएको बिषय आज बसेको परिषदको बैठकमा पेश भई छलफल हुँदा उक्त बेरुजु रकम संम्परीक्षण हुन मनासीव देखिएकोले उक्त बेरुजु रकम फछ्र्यौट गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

आ.ब. ०७०/७१ को अन्तिम लेखा परिक्षण प्रतिबेदन आजको बैठकमा पेश गरि दफावबर रुपमा छलफल गर्दा तपशिल बमोजिम गर्न न.पा. कार्यालयलाई निर्देशन दिन सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

१. बेरुजु दफा ३४, दफा ३५ र दफा ३७ मा बिभिन्न राजनैतिक दलका भातृ संगठनहरु नेपाल निजामति कर्मचारी संगठन, नेपाल बिद्यार्थी संघ र नेपाल निजामति कर्मचारी युनियनलाई आर्थिक सहायतता दिईएको र सो स्थानिय निकाय स्रोत परिचालन तथ व्यवस्थापन कार्यबीधि, २०६९ बिपरित भएकोले बेरुजु कायम हुन आएको ले उपरोक्त खर्च बेरुजु एक पटकका लागी सम्परिक्षण गर्ने र अब देखि निर्देशिका, कार्यबीधि र ऐन, नियमको बिपरित हुने खर्चहरु नगरपालिका कार्यालयलाई निर्देशन दिने ।

२. बिभिन्न मितिमा कार्यालयले आबश्यक सामाग्रीहरु खरिद गर्दा अग्रीम आय कर कट्टा गर्नु पर्नेमा कट्टा नगरि भुक्तानी दिएको र आयकर दाखिला गर्न भुक्तानी लिने फर्म, कम्पनीहरुलाई लेखि पठाउने लेखापरिक्षण प्रतिबेदनमा उल्लेख भए अनुशार अग्रीम आयकर कट्टा गर्ने तर्फ न.पा. कार्यालय सजग रहि भुक्तानीको स्रोतमानै करकट्टी तथा नियमावली अनुशार समयमानै दाखिला समेत गर्न कार्यालयलाई निर्देशन गर्ने ।

३. कर्मचारीहरु कार्यालयको कामको सिलसिलामा भ्रमण गर्दा भ्रमण साधनहरुको बिल तथ बास खर्च वापतको होटल बास खर्च बिल, भर्पाईहरु सम्लग्न गर्ने तर्फ लेखापरिक्षणका धेरै बुँदाहरुमा उल्लेख भए अनुशार बिल भर्पाईहरु सम्लग्न नरहेको अबस्थामा भुक्तानी नहुने व्यवस्था गर्न नगरपालिकालाई निर्देशन दिने ।

**निर्णय नं. २८**

खाँदबारी नगरपालिकाको आ.ब. ०७१/७२ को अन्तिम लेखा परिक्षण गर्न दर्तावाला लेखापरिक्षकहरुबाट सूचिकृत हुन मिति २०७१ पौष १० गते प्रकाशित सूचना अनुशार आबेदन दिनु हुने तिन जना दर्तावाल लेखापरिक्षकहरु मध्ये दर्ता नं. "ख" ११७ भएका जे. दाहाल एण्ड कम्पनीले कबोल गरेको पारिश्रमिक रु. ४५,०००। पैंतालिस हजार मात्र अन्य लेखा परिक्षकहरु श्री राजीव श्रेष्ठ र श्री जय प्रसाद दाहालको भन्दा घटि भएकोले आ.ब.०७१/७२ को सम्पुर्ण स्रेस्ताहरु श्री जे. दाहाल एण्ड कम्पनीबाट अन्तिम लेखा परिक्षण गर्न लेखापरिक्षक नियुक्ती गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

खाँदवारी नगरपालिका कार्यालयको आन्तरिक लेखापरिक्षण गर्न आन्तरिक लेखापरिक्षक नियुक्त गर्ने र निजलाई उपलब्ध गराउने पारिश्रमिक मासिक रु.३,०००। मा नबढाई आन्तरिक लेखापरिक्षण गराउने व्यवस्था मिलाउन बोर्ड बैठकलाई अधिकार प्रदान गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

एकिकृत सम्पति कर असुल उपर गर्दा यदि कुनै करदाताको गुनासो आएमा कर पुनराबलोकन गर्न आबश्यक देखिएमा न.पा.बोर्ड लाई अधिकार प्रत्यायोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

खाँदबारी नगरपालिका क्षेत्रमा चल्ने यातायातका साधनहरु (बस, जिप, ट्याक्टर, ट्रक, आदी) बाट नगरपालिकाले निर्माण गरेका सडकहरुमा पटके सवारी कर असुल उपर गर्न संखुवा सभा यातायात व्यवसायि संघ संग समन्वय गरि कर असुल उपर गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

खाँ.न.पा. १२ स्थित गैरिगाउँ टोल मोटरबाटो ढलान कार्य गर्नका लागी रकम बिनियोजन गरि कार्य हुने वाताबरण मिलाउन सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

यस नगरपालिकामा कार्यरत सेवा करार र करार सेवाका कर्मचारीहरुको पदाबधि थप, वडा नं. ४ र ५ मा रहेका नगर स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक मिलान र पदाबधि थप, सवारी चालक लगायत कार्यालयमा कार्यरत स्वयंसेवकहरुको अतिरिक्त पारिश्रमिक पाउँ भनि गर्नु भएको माग साथै खाँदबारी खानेपानी तथा सरसफाई संस्थालाई हस्तान्तरण गरिएका न.पा.का स्थायी कर्मचारीहरुलाई न.पा.को रिक्त दरबन्दिमा आन्तरिकीकरण गर्ने जस्ता कार्य गर्नु पर्ने अबस्था भएमा न.पा. बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

खाँदबारी नगरपालिकाको नाममा रहेको खेलकुद मैदान ब्यवस्थापन एवं प्याराफिट निर्माणका लागी भारतिय दुताबास लैनचौर समक्ष आयोजना प्रश्ताव पेश गर्ने साथै एन्फा समक्ष पनि समन्वय गरि खेलकुद मैदान ब्यवस्थीत बनाउन पहल गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

नेपाल रेडक्रस सोसाईटि संखुवा सभाको भवन निर्माणमा सहायोग स्वरुप रु. ७५,०००। पचहत्तर रुपयाँ र ढुंगेधारा रेडक्रस उपशाखाको ब्यवस्थापनको लागी रु. ७५,०००। पचहत्तर हजार रुपयाँ मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकबाट खर्च लेख्ने गरि रकम बिनियोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

खाँदबारी नगरपालिका एवं समग्र संखुवा सभा जिल्लानै पर्यटकिय रुपमा बिकाश गराउन सकिने प्रयाप्त संभावना भएकोले सो कार्यलाई प्रबद्धन गर्नका लागी पर्यटन सूचना केन्द्र को बिकाश गर्न सम्बद्ध निकाय समक्ष माग गरि कार्य गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

खाँ.न.पा. ९ तल्लो पांठा स्थित निजी क्षेत्रबाट संचालनमा आएको उपस्वास्थ्य चौकी सो संचलकको तर्फबाट तहाँको जग्गा, भवन लगायतका सम्पुर्ण स्वामित्व न.पा.लाई हस्तान्तरण गर्ने र न.पा.ले नै संचालनको ब्यवस्था मिलाउन बारंम्बार माग गर्नु भएकोले उक्त स्वास्थ्य चौकीको स्वामित्व हस्तान्तरण लिई स्वास्थ्य चौकीको संचालनको लागी मालपोत रजिष्ट्रेशनबाट प्राप्त हुने रकम मध्येबाट ब्यहोरीने गरि रु. १,५०,०००। रकम बिनीयोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

मिति २०७१ बैसाख ०७ गते बसेको न.पा. बोर्ड बैठकको निर्णय बाट अनुगमन तथा मूल्याङ्कन समाज, नेपाल (SOME NEPAL) बाट प्रस्तावीत **"खाँदबारी नगरपालिकाको संगठनात्मक क्षमता बिकाश (O.D.) को पुनरावलोकन कार्यक्रम, २०७१,"** को प्रतिबेदन अनुमोदनका लागी परिषद समक्ष सिफारिस भएको ।

उक्त प्रतिबेदन माथि आज परिषदको बैठकमा पेश भई बिस्तृत रुपमा छलफल गर्दा बिबिध बिषयमा भएको अध्ययन अनुसन्धान पश्चात बिज्ञहरु समाबेश भएको टोलीबाट पेश हुन आएको उक्त प्रतिबेदन न.पा.को भाबि दिनहरुमा समेत उपयुक्त हुने देखिएकोले सोही बमोजिमको संगठनात्मक क्षमता बिकाश (O.D.) पारित गरि यहि २०७१ माघ ०१ गते देखि कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय गरियो । (अनुसूची ४ चार मा संम्लग्न गरिएको छ ।)

**निर्णय नं. ३९**

सार्बजनिक नीजि साझेदारी प्रणालीलाई प्रोत्साहन र ब्यवस्थित गर्नका लागी निम्न बमोजिमका ब्यक्तिहरु सदस्य रहने गरि स्थानिय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ (क) बमोजिम निम्न बमोजिमको समिति गठन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**<u>निम्न</u>**

| | | |
|---|---|---|
| १. | प्रमुख/कार्यकारी अधिकृत | संयोजक |
| २. | श्री सरोजकुमार बज्राचार्य | सदस्य (उद्योग बाणिज्य संघको प्रतिनीधि) |
| ३. | श्री दिपनकुमार श्रेष्ठ | सदस्य |

(सार्बजनिक नीजि साझेदारी सम्बन्धि ज्ञान भएको स्थानिय नागरिक समाजको प्रतिनीधि)

| | | |
|---|---|---|
| ४. | श्री किरण कुमार शाक्य | सदस्य |

(सार्बजनिक नीजि साझेदारी सम्बन्धि ज्ञान भएको बिषय बिशेषज्ञ)

| | | |
|---|---|---|
| ५. | श्री खेमराज निरौला | सदस्य, सामाजिक बिकास अधिकृत |

६.    श्री दिनेश कट्टेल    सदस्य- सचिव, प्रशासकिय अधिकृत

आमन्त्रित सदस्यहरु :

१.    श्री सुमन श्रेष्ठ उद्योगी एवं व्यवसायी

२.    श्री भबिश्वर गुरुङ्ग, कानून व्यवसायी

३.    श्री हरिश्वर थापा मगर, यातायात व्यवसायी संघको अध्यक्ष एवं समाजसेवी

४.    श्री नबिनकुमार श्रेष्ठ, आ.प्र.शाखा प्रमुख

यस समितीलाई क्रियाशिल गराई नगरपालिकाको दायित्व घट्ने र आम्दानी बढ्ने किसिमका साझेदारीका क्षेत्रहरु पहिचान गरि सार्बजनिक नीजि साझेदारी गर्ने र करदाता शिक्षा अनुशिक्षण कार्यक्रमका लागी मालपोत रजिष्ट्रेशन दस्तुर वापत प्राप्त हुने रकमबाट रु. १,००,०००। एक लाख रकम बिनीयोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०**

खाँ.न.पा. ४ पांमा र खाँ.न.पा. ५ सेकाहामा रहेका नगरस्वास्थ्य केन्द्रहरुमा कार्यरत सेवा करारमा कार्यरत अ.न.मी. र अ.हे.व.हरुको पारिश्रमिक चालु आ.ब. को फाल्गुण महिना देखिनै लागु हुने गरि मासिक पारिश्रमिक न्युनतम १०,०००। (दश हजार) कायम गर्ने र कार्यालय सहयोगीहरुको पारिश्रमिक न्युनतम रु. ७,५००। (सात हजार पाँच सय मात्र) कायम गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**

खाँ.न.पा. १३ तुम्लीङ्गटार स्थित देउ ईन्टरनेशनल बोडिङ्ग स्कुल अडाडि मोटरबाटो देखि मूलसडक (हाई वे) जोड्ने नयाँ सडकको लागी बोया ६ भोजपुर निबासी दोर्ज बहादुर तामाङ्ग, तुम्लीङ्गटार निबासी श्री सुबर्ण शाक्य, उमेश चौहान लगायतले न.पा. कार्यालयका नाममा ३ मिटर वारपार जग्गा रजिष्ट्रेशन गरि उपलब्ध गराई सार्बजनिक बाटो उपलब्ध गराउनु भएकोले उक्त बाटोको दायाँ वा वायाँका जग्गामा घर नक्सा पास गर्दा जग्गाधनिलाई आधा आधा मिटर गरि १ मिटर जग्गा बाटोको लागी छोड्न लगाई जम्मा ४ (चार) मिटरको मोटरबाटो कायम गर्ने र सोही बमोजिम नक्सा पास गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२**

यस चालु आ.ब.मा दमकल खरिद कार्य सम्पन्न हुने भएकोले दमकल आपुर्ति भए पश्चात त्यसको संचालन तथा व्यवस्थापन गरि आगलागीको समयम नगरबासीहरुलाई सुबिधा प्रदान गर्न मालपोत रजिष्ट्रेशन वापत प्राप्त हुने रकमबाट ब्यहोरीने गरि दमकल संचालन तथा ब्यवस्थापन कार्यक्रमको लागी रु. १०,००,०००। बिनीयोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

खाँदबारी नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको सन्दर्भमा गत आर्थिक बर्षमा यस कार्यालयले गरेको कार्य सम्पादन र प्राप्त गरेको अंकको बारेमा बिस्तृत छलफल

भयो । सो सम्बन्धमा आगामी दिनमा न्युनतम शर्त तथ कार्य सम्पादन मापनका बढि भन्दा बढि सूचकरु पार गरि नगरपालिकालाई उच्चतम स्थानमा पुर्‍याउन आर्थिक, भौतीक तथा मानबिय लगायत सम्पुर्ण स्रोत साधन एवं क्षमताको अधिकतम उपयोग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

संघीय मामिला तथा स्थानिय बिकास मन्त्रालयले आ.ब. ०७२।७३ को लागी यस नगरपालिकालाई प्राप्त हुने निम्न बजेट शिर्षक तर्फ उपलब्ध गराएको निम्न बमोजिमको बजेट सिमा लाई निम्न अनुशार बाँडफाँड गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**तपशिल**

**क) नगरपालिका अनुदान (पूँजीगत) तर्फ** **रु. १,१८,००,०००। मध्ये :**

(स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यबिधि, २०६९ को दफा ८ बमोजिम)

१. समपुरक कोष (म्याचिङ फण्ड) रु. ७०,००,०००। सत्तरी लाख मात्र ।

२. लक्षीत समुह बिकास कार्यक्रम

- बालबालिका लक्षीत कार्यक्रमका लागी रु. ४,८०,०००। (चार लाख असि हजार मात्र)
- महिला लक्षीत कार्यक्रमको लागी रु. ४,८०,०००। चार लाख असि हजार मात्र ।
- आर्थिक तथा सामाजिक रुपमा पछि परेका बिपन्न बर्ग हरुको लागी : रु. ७,२०,०००। सात लाख बिस हजार मात्र ।

(सबै जात जातिका आथिक रुपमा बिपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका बर्ग दलित,आदीबासी/जनजाति, भिन्न क्षमता भएका ब्याक्तिहरु, जेष्ठ नागरिक, अपाङ्ग, मधेसी, मुस्लीम, पिछडा बर्ग, यौनिक तथा लैंगिक, अल्प संख्यक लगायत अन्य पिछडिएको बर्ग) (निर्णय नं. संग सम्बन्धित)

३. आयोजना संचालन तथा ब्यवस्थापन खर्च : रु.७,००,०००। सात लाख मात्र ।

४. पूँजीगत अध्ययन तथा परामर्श खर्च रु.१,५०,०००। एक लाख पचास हजार मात्र ।

५. **आर्थिक सामाजिक एवं पुर्बाधार बिकास कार्यक्रम रु. १५,००,०००। मध्ये**

- खाँदबारी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था सहभागीताको रकम रु. ५,००,०००।
- बराजुथान जलजले मयम जाने मोटरबाटो निर्माण तथा स्तरबृद्धि वडा नं. ९ रु. ५,००,०००।
- गिद्धे चौतारामा मलामी पाटी निर्माण, वडा नं. १२ रु. ५,००,०००।

६. **प्रबर्द्धनात्मक कार्यक्रम तर्फ** **रु. ७,७०,०००। मध्ये**

- मानेभन्ज्याङ्ग डाँडापांमा मोटरबाटो स्तरबृद्धि वडा नं. ३ र ४ रु. २,००,०००।
- टारी - नयाँबस्ती मोटरबाटो स्तरउन्नती वडा नं. ११ र १ रु. १,५०,०००।
- सुन्दरपुर टोल ढल निर्माण , वडा नं. १ रु. २,००,०००।
- ध्याम्पासैडाँडा - साठीमुरे - बैद्यगाउँ सडक रु. १,५०,०००।
- सिलीली मुहान सिंचाई वडा नं. २ रु. ७०,०००।

**ख) स्थानिय बिकास शुल्क पूँजीगत तर्फ : ५४,९७,०००। मध्ये :**

- माथि निर्णय नं. ....मा उल्लेख भए अनुशारका वडा स्तरबाटै पारित भई परिषद समक्ष सिफारिस भई आएका योजना तथा कार्यक्रमहरुको लागी रु. ५२,००,०००।
- मर्मत संभार कोष रु. १,५०,०००।
- वातावरण संरक्षण बिषेस कोष : रु. ४७,०००।
- बिपद् व्यवस्थापन कोष रु. १,००,०००।

**ग) सडक बोर्ड नेपाल तर्फ : रु. २५,००,०००।** (नि.नं. १७ अनुशार)

**घ) आन्तरिक स्रोत (पूँजीगत) रु. ७,००,०००। मध्ये :**

- जालपा देबी मन्दिरको जग्गा संरक्षण, खाँ.न.पा. १ रु. १,००,०००।
- मंगलादेबी थान बाट दुब्ली चौतारा सम्म जाने मोटरबाटो स्तरबृद्धि वडा नं. १० र ७ रु. २,५०,०००।
- अरुणथान देखि हरेलो जोड्ने मोटरबाटो निर्माण तथा स्तरबृद्धि वडा नं. ४ र ५ रु. १,५०,०००।
- खम्बुगाउँ सामुदायिक भवन शौचालय निर्माण वडा नं. ५ रु. ५०,०००।
- जालपादेबी थान पाटि निर्माण वडा नं. ३ रु. ५०,०००।

**ङ) राजश्व बाँडफाँड (जिल्ला बिकास समिति प्राप्त हुने रकम) : रु. ६,८०,०००। मध्ये**

- सिंहेश्वरी महादेब मन्दिर जाने घोरेटो बाटो मर्मत वडा नं. १३ रु. ७०,०००।
- सिंहेश्वरी महादेब मन्दिर पाटि निर्माण/मर्मत वडा नं. १३ रु. ४०,०००।
- मंगलादेबी नि.मा.बि. कम्प्युटर व्यवस्थापन वडा नं. १० रु. ३०,०००।
- नेपाल मगर संघको भवन निर्माण वडा नं. १२ रु. ७०,०००।
- मंगलादेबी मन्दिर व्यवस्थापन वडा नं. १० रु. २५,०००।
- संखुवा सभा पत्रकार महासंघ संखुवा सभा पत्रकारहरुको क्षमता बिकास कार्य रु. ७०,०००।
- तुम्लीङ्गटार स्वास्थ्य चौकी ल्याब व्यवस्थापन वडा नं. १३ रु. ४०,०००।
- बागीश्वरी उ.मा. बि. कम्प्युटर खरिद वडा नं. १२ रु. ५०,०००।
- पिठाकोटे टोलबाट सिरीसे हुँदै चौतारे जाने गोरेटो बाटो मर्मत वडा नं. ४०,०००।
- जालपा प्रा.बि. योगीडाँडा खानेपानी व्यवस्थापन वडा नं. ८ रु. ५०,०००।
- चिलाउने चौतारा सामुदायिक भवन निर्माण, ढुंगेबिसाउना रु. ३५,०००।
- नयाँ बजार देखि चुहान गाँउँ हुँदै सोती बारी झर्ने ठाडो मर्मत वडा नं. १० रु. ३०,०००।

- स्काउट माष्टर तालिम संचालन (महिला र पुरुष दुबै समाबेश गरि) रु. ९०,०००।
- पिप्ले सामुदायिक भवन ब्यवस्थान वडा नं. ११ रु. ४०,०००।

**निर्णय नं. ४५**

म.ले.प.फा.नं. ५२ खर्च भएर जाने जिन्सी सामानहरुमा पुरानो निशान छाप भएको लेटर प्याड, पुराना पंजिकरण (जन्म, मृत्यु, बसाई सराई आदी फर्महरु रहेको हुँदा उपरोक्त बमोजिमका काम नलाग्ने कागजातहरु नियमानुशार धुल्याउन सिफारिस गर्ने (हटाउने) निर्णय गरियो ।

**निर्णय नं. ४६**

१९ औं नगरपरिषद्को लागी सम्पन्न भएको वडा भेलाबाट पारित भएर न.पा.मा माग भई आएका तर नगरपालिकाको बिद्यमान स्रोतले सम्बोधन गर्न नसकेका निम्न योजनाहरुलाई योजना बैंकमा राख्ने र प्राथमिकताका आधारमा जिल्ला परिषद्, सभासद क्षेत्र बिकास कोष, नेपाल सरकार र अन्य स्वदेसी तथा बिदेसी दातृ निकायहरु संग सिफारिस साथ माग गरी कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय गरियो । (अनुसूचि ५ पाँच मा सम्लग्न गरिएको छ)

**निर्णय नं. ४७**

आ.ब. ०७०/७१ को पौष महिना पश्चात र आ.ब. ०७१/७२ को पौष मसान्त सम्ममा न.पा.बोर्ड बैठक एवं कार्यालयबाट फरफारक गरिएका निम्न बमोजिका योजनाहरु परामर्श सेवाहरु अनुमोदन गर्न नगरपरिषद्लाई सिफारिस गर्ने सर्ब सम्मत निर्णय गरियो ।

(अनुसूचि ६ छ मा सम्लग्न गरिएको छ)

**निर्णय नं. ४८**

यस खाँदबारी नगरपालिकाको नगरस्तरिय राजश्व परामर्श समितिबाट आ.ब. ०७२/७३ का लागी न.पा.बाट लिईने कर, दस्तुर, सेवा शुल्क तथा महसुलहरुको दरको सम्बन्धमा राजश्व अध्ययन तथा प्रक्षेपण उप समिति गठन भई सो सम्बन्धमा करका दर तथा प्रक्षेपणको प्रतिबेदन समेत सम्लग्न राखी स्वीकृतीका लागी यस परिषद बैठकमा पेश भई छलफल गर्दा राजश्व परामर्श समितिले उल्लेख गरेकै दरमा असुली गर्न सिफारिस गर्ने निर्णय गरियो ।

(अनुसूचि ७ सातमा सम्लग्न गरिएको छ)

**निर्णय नं. ४९**

आ.ब. ०७२/७३ का लागी कार्यालयलाई आबश्यक सेवा, निर्माण र बस्तुको खरिद गर्नका लागी बनाईएको निम्न बमोजमको बार्षिक खरिद योजना र बार्षिक कार्यक्रम कार्यान्वयन तालिका पारित गरि सो मा उल्लेख भए बमोजिम कार्य गर्न सिफारिस गर्ने निर्णय गरियो ।

(अनुसुचि ८ आठमा उल्लेख गरिएको छ ।)

**निर्णय नं. ५०**

मानेभन्ज्याङ्ग क्षेत्रमा बस पार्क राख्ने सम्बन्धमा न.पा.द्वारा मिति २०७१।०२।०१ गते प्रकाशित सूचना एवं पाखीवास साप्ताहिक पत्रिकामा २०७१ साल जेष्ठ ०५ गते प्रकाशित भएको सूचना अनुशारको म्याद भित्र न.पा. मा पेश हुन आएको सिलबन्दि कबोलपत्रको सम्बन्धमा मिति २०७१ साल मंसिर १४ गते बसेको सर्बदलिय बैठकबाट उपरोक्त सूचना बमोजिको बसपार्कको लागी जग्गा खरिद गर्ने प्रकृयालाई चाँडो अगाडि बढाउन न.पा.लाई सिफारिस गर्ने साथै संखुवा सभा यातायात व्यवसायी संघको निर्णय अनुशार बसपार्कको लागी न.पा.लाई निशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धमा भएको निर्णय बमोजिमको जग्गा रजिष्ट्रेशन पास गरि लिने र बसपार्क राख्नको लागी उपरोक्त दुई स्थान मध्ये IEE गरि जुन स्थानमा उपयुक्त हुन्छ ? सो स्थानमा बसपार्क राख्ने र IEE बाट बसपार्क राख्न नमिल्ने भनि सिफारिस भएको स्थानमा ट्याक्सी पार्क राख्ने भनि मिति २०७१ साल मंसिर १४ गते बसेको सर्बदलिय बैठकको समेत सिफारिस भएकोले सोही अनुशार कार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ५१**

माथि बिभिन्न निर्णय नं. हरुमा निर्णय भए अनुशार अनुसूचिहरु राखीएको छ उक्त अनुसूचीहरुको सम्पुर्ण पानाहरुमा आज बसेको एकिकृत योजना तर्जुमा समितिका पदाधिकारीहरु सबैजनाबाट दस्तखत गर्न असहज भएकोले निर्णयहरुमा उपस्थित सबै पदाधिकारीहरुबाट दस्तखत गर्ने र अनुसूचिहरुमा दस्तखत गर्नका लागी न.पा. प्रमुख तथा कार्यकारी अधिकृत लाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था मिलाई अनुसूचीहरु प्रमाणित गर्ने व्यवस्था मिलाउन सिफारिस गर्ने निर्णय गरियो ।